# नेपाल गजेट
## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १२ ] काठमाडौं, मार्ग ६ गते २०१६ साल [ अतिरिक्ताङ्क २२


**श्री ५ को सरकार**

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सबसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०१६ सालको ऐन नं. २६

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत ओजस्विराजन्य प्रोज्ज्वल नेपालतारा अति ओजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद ॐ रामपट्ट अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखा दक्षिणबाहु महाधिपति फील्ड मार्शल र सर्वोच्च कम्याण्डर इन–चीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र वीर विक्रम जंगबहादुर शाहबहादुर शमशेर जंग देवानाम् सदा समरविजयिनाम् ।

### भन्सार सम्बन्धी नेपाल कानूनहरू एकीकरण तथा संशोधन गर्न बनेको ऐन ।

काठमाडौं भन्सार गोस्वारा, पहाड भन्सारहरू र मध्येश तराईको भन्सार अड्डाहरूलाई भैराखेको पृथक्-पृथक् सवाल सनदहरू र समय समयमा बनेका सवाल र खड्गनिशाना-सदरलाई समेत संशोधन तथा एकीकरण गरी नेपाल अधिराज्यभर समान रूपले लाग हुने एकै प्रकारको व्यवस्था हुनु वाञ्छनीय भएकोले,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधानको धारा ५५ अनुसार यो ऐन बनाई जारी गरिबक्सेको छ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः– (१) यो ऐनको नाम भन्सार ऐन, २०१९ रहेको छ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा––

(क) "निकासी" भन्नाले नेपाल अधिराज्यबाट विदेशी मुलुकमा कुनै माल वस्तु पठाउने कामलाई सम्झनु पर्छ।

(ख) "पैठारी" भन्नाले विदेशी मुलुकबाट नेपाल अधिराज्यभित्र कुनै माल वस्तु ल्याउने काम सम्झनु पर्छ।

(ग) "भन्सार महसूल" भन्नाले निकासी वा पैठारी गर्ने माल वा वस्तुहरूमा समय समयमा लाग्ने नेपाल कानूनले तोकिदिएको दरबन्दी बमोजिम लाग्ने भन्सार महसूल सम्झनु पर्छ।

(घ) "भन्सार अड्डा" भन्नाले श्री ५ को सरकारले खडा गरेको मूल भन्सार अड्डा सम्झनु पर्छ र यस शब्दले छोटी भन्सार अड्डाहरूलाई पनि जनाउँछ।

(ङ) "भन्सार गोदाम" भन्नाले श्री ५ को सरकारले खडा गरेको भन्सार गोदाम सम्झनु पर्दछ।

(च) "भन्सारको मुख्य अधिकारी" भन्नाले नेपाल अधिराज्यभरका भन्सार अड्डाहरूको कार्य निरीक्षणसमेत तोकिए बमोजिमको काम गर्ने भन्सार डाइरेक्टर वा श्री ५ को सरकारबाट तोकिएको अधिकारी सम्झनु पर्छ।

(छ) "भन्सार अड्डाको हाकिम" भन्नाले मूल भन्सार अड्डाका अड्डा प्रमुख वा सो अड्डा प्रमुखको अधिकार प्राप्त अधिकारी सम्झनु पर्दछ।

(ज) "भन्सार अफिसर" भन्नाले श्री ५ को सरकारले वा कानूनद्वारा अधिकार प्राप्त अधिकारीले नियुक्त गरेको भन्सार अड्डा वा छोटी भन्सारअड्डाको अफिसर वा त्यस्तो हाकिम अफिसरको सबै वा केही काम गर्न अख्तियार पाएको अफिसर कर्मचारी (अख्त्यार पाएको कामको सम्बन्धमा) सम्झनु पर्छ र यस शब्दले भन्सार अड्डाको हाकिमलाई पनि जनाउँदछ।

(झ) "भन्सार क्षेत्र" भन्नाले भन्सार क्षेत्र भनी श्री ५ को सरकारले वा श्री ५ को सरकार-बाट अधिकार प्राप्त भएमा भन्सारको मुख्य अधिकारीले आदेशद्वारा नेपाल गजेटमा प्रकाशित सूचनामा तोकिदिएको क्षेत्र सम्झनु पर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ञ) "प्रज्ञापनपत्र" भन्नाले निकासी वा पैठारी गरिने माल वस्तुको विवरण भएको पत्र सम्झनु पर्छ ।

(ट) "चिम्पौ" भन्नाले एक भन्सार क्षेत्रमा आएको माल वस्तु अर्को भन्सार क्षेत्रमा लगी खोलाउने गरी दिएको रसीद सम्झनु पर्छ ।

(ठ) "चोरी निकासी वा पैठारी" भन्नाले माल वस्तु निकासी वा पैठारी गर्दा तिर्नु-पर्ने भन्सार महसूल नतिरी वा बाटो छली वा लुकाई छिपाई ल्याएको लगेको काम सम्झनु पर्छ ।

(ड) "डेमरेज" भन्नाले एक भन्सारबाट अर्को भन्सारमा चिम्पौ भै आउने वा भन्सार गोदाममा रहने माल सामानहरू तोकिएको म्यादभित्र नउठाएमा माल धनीले तिर्नुपर्ने दस्तूरलाई सम्झनु पर्छ ।

(ढ) "भन्सार सुविधा" भन्नाले निकासी पैठारी गर्दा वा यात्रुले आफ्ना साथमा वा अघि पछि ल्याएका वा मगाएका निजी गुण्टा झिटी भारी माल सामानमा सरकारी दस्तूर वा महसूल नबुझाई खोल जांचसमेत नगराई प्रज्ञापनपत्रका भरमा आयात निर्यात गर्न पाउने सुविधा वा सहुलियतलाई जनाउँछ ।

(ण) "महसूल सुविधा" भन्नाले यात्रुले आफ्ना साथमा ल्याएका वा अघि पछि ल्याएका वा मगाएका निजी व्यवहार गुण्टा झिटी भारी माल सामानहरू खोली जांच गरी लगतसम्म राखी दरवन्दी बमोजिम लाग्ने महसूल नलिई आयात निर्यात गर्नपाउने सुविधा वा सहुलियतलाई जनाउँछ ।

(त) "तोकिएको वा तोकिए बमोजिमको" भन्नाले यो ऐन अन्तर्गत बनेको नियम वा जारी भएको आदेशमा तोकिएको वा तोकिए बमोजिमको सम्झनु पर्छ ।

३. <u>भन्सार अड्डाहरू खडा गर्ने र निकासी वा पैठारीको बाटो तोक्नेः</u>– श्री ५ को सरकार-ले नेपाल गजेटमा सूचना प्रकाशित गरीः–

(क) कुनै भन्सार क्षेत्रमा भन्सार महसूल असूल गर्ने कामकोनिमित्त भन्सार अड्डा वा छोटी भन्सार अड्डाहरू खडा गर्न सक्ने छ, र वर्तमान भन्सार क्षेत्र तथा अड्डाहरू यस ऐन अन्तर्गत नै कायम भएको मानिने छन् ।

(ख) सोही सूचनामा तोकिएको बाटोबाट मात्र निकासी वा पैठारी गर्न पाउने गरी बाटो तोकिदिन सक्ने छ ।

४. <u>माल वा वस्तु धनीको एजेण्ट माल वा वस्तुको धनी मानिनेः</u>– कुनै माल वस्तुको सम्बन्धमा त्यसको धनीले यस ऐनले सबै वा कुनै तात्पर्यको लागि कुनै व्यक्तिलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपले आफ्नो एजेण्ट हुने अधिकार दिन सक्ने छ र भन्सार अड्डाको हाकिमले सो अधिकारपत्रलाई स्वीकृति दिएमा त्यस्तो व्यक्ति सो कामको निमित्त माल वा वस्तुको धनी मानिने छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर,

(क) एजेण्ट भै काम गर्नेले अवच्छिन्न बैंक ग्यारण्टी वा ज्यथा जमानी दिनुपर्छ ।

(ख) चिम्पौबाट आउने माल सामानहरूको ढुवानी गर्ने साधन एजेण्टले खोलाउनु-पर्छ ।

(ग) चिम्पौ गर्दा भन्सारको सम्बन्धित कर्मचारीले मनासिब माफिकको बैङ्क ग्यारण्टी वा ज्यथा जमानी लिन सक्ने छ ।

५. माल वा वस्तु निकासी वा पैठारी गर्दा प्रज्ञापनपत्र भरी दाखिल गर्नुपर्नेः– (१) भन्सार महसूल लाग्ने वा नलाग्ने जुनसुकै माल वा वस्तु निकासी वा पैठारी गर्न चाहने व्यक्तिले तोकिए बमोजिमको प्रज्ञापनपत्र भरी सो क्षेत्रको भन्सार अफिसर छेउ पेश गर्नुपर्छ ।

(२) त्यस्तो माल वस्तुमा लाग्ने भन्सार महसूल तिरिसकेपछि वा त्यसमा भन्सार महसूल नलाग्ने भनी भन्सार अफिसरले देखिसकेपछि भन्सार महसूल तिरेको रसीद वा भन्सार महसूल नलाग्ने भन्ने निस्सा भन्सार अफिसरले दिनेछ र त्यस्तो रसीद वा निस्सा दिएपछि मात्र त्यस्तो माल वस्तु निकासी वा पैठारी गर्न सकिने छ ।

(३) कुनै व्यक्तिले कुनै माल वा वस्तु पैठारी गरी ल्याएको हो वा निकासी गर्न लागेको हो र भन्सार महसूल तिरेको छैन भन्ने भन्सार अड्डाका कुनै कर्मचारीलाई थाहा भएमा वा विश्वास हुने मनासिब माफिकको कारण भएमा सो व्यक्तिबाट त्यस्तो पैठारी गरेको वा निकासी गर्न लागेको माल वस्तुको भन्सार महसूल तिरेको रसीद वा भन्सार महसूल नलाग्ने भए सोही व्यहोराको निस्सा मांग गर्न सक्ने छ ।

(४) उपदफा (३) बमोजिम मांग गरेमा निकासी वा पैठारी गर्ने व्यक्तिले त्यस्तो रसीद वा निस्सा देखाउनुपर्नेछ । कसैले त्यस्तो रसीद वा निस्सा पेश गर्न सकेन वा निस्सामा लेखिए बमोजिमको माल वस्तु नभै फरक पर्न आएमा भन्सार अफिसरका समक्ष पेश गर्नुपर्छ । भन्सार अफिसरले त्यस्तो माल वस्तु रोक्का गर्न आदेश दिन सक्ने छ र चोरी निकासी वा पैठारी गरेको भनी मानी कारवाइ चलाउने छ ।

(५) कुनै व्यक्तिले दफा ३ बमोजिम तोकिदिएको बाटोबाट जानु वा ल्याउनु-पर्ने माल वा वस्तु सो बाटो नलगी वा चोरी छली माल वा वस्तु निकासी वा पैठारी गरेको वा सो गर्न प्रयत्न गरेको भन्सारका कर्मचारीले वा भन्सारको मुख्य अधिकारीले वा सरकारबाट अधिकार प्राप्त कुनै अधिकारीले अधिकार दिएका कुनै सरकारी कर्मचारीले फेला पारेमा त्यस्तो माल र त्यसरी लिई जाने मानिस तथा माल वा वस्तु ओसारेको सवारी रोकी भन्सार अफिसर छेउ वा सरकारले तोकेको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अधिकारी छेउ पेश गर्नुपर्छ र भन्सार अफिसरले वा उक्त तोकिएको अफिसरले चोरी छली निकासी वा पैठारी गरेको मानी कारवाही चलाउने छ। तर सरहद मै एक ठाउँबाट अर्को ठाउँ लैजानेमा तोकिएको बाटो नलगेको भनी यो उपदफा प्रयोग गर्नु हुँदैन ।

(६) चिम्पौबाट आएका माल सामान र भन्सार गोदाममा रहेका माल सामानहरू तोकिएको म्यादभित्र नउठाएमा श्री ५ को सरकारले तोकिए बमोजिम डेमरेज असूल उपर गर्न सक्नेछ ।

तर–– उपदफा (६) मा जुसुकै लेखिए तापनि श्री ५ को सरकारबाट तोकिएको अधिकारीले डेमरेज मिह्ना दिनुपर्ने खास कारण देखेमा वा दिनुपर्ने ठहरेमा सो अधिकारीले आंशिक वा पूर्ण रूपले डेमरेज मिह्ना दिन सक्ने छ।

६. भन्सार महसूल लाग्ने:– निकासी वा पैठारी हुने सबै माल वा वस्तुमा भन्सार महसूल लाग्ने छ ।

७. निकासी वा पैठारी गर्न नहुने दिन र समय:– सरकारी हुलाक वा यात्रुहरूको दैनिक प्रयोगको निजी गुण्टा भारी बाहेक अरू कुनै माल वस्तु भन्सार अफिसरको विशेष अनुमति विना सार्वजनिक बिदाको दिन वा भन्सार अड्डा बन्द रहेको समय निकासी वा पैठारी गर्न सकिने छैन। तर भन्सारका प्रमुख अधिकारीले आवश्यक सम्झे अनुसार तोकिदिएको समय कायम गरिने छ ।

८. एकभन्दा बढी चीजहरू मिली बनेको मालमा वा सेड्यूलमा नपरेको वस्तुमा भन्सार महसूल असूल गर्ने:– (क) एकभन्दा बढी चीजहरू मिली बनेको माल वस्तुको भन्सार महसूल दर कायम गर्दा सम्मिलित चीजहरूमध्ये जुन वस्तुको दरबन्दी अनुसार लिंदा धेरै भन्सार महसूल आउने हुन्छ सोही दरबन्दी कायम गरिनेछ।

(ख) भन्सार दस्तूरको सिड्यूलमा नपरेका वस्तु वा माल सामानको निकासी वा पैठारी दस्तूर लिंदा सो सिड्यूलमा सबैभन्दा बढी भन्सार महसूल लाग्ने वस्तुको दर रेटमा थप १० प्रतिशत बढाई लिइने र मूल्य वा नाप र तौलमा जुन बढी हुन्छ सोहीमा भन्सार दस्तूर लगाइने छ ।

९. भन्सार सुविधा र भन्सार महसूल सुविधा दिने अधिकार:– (१) श्री ५ को सरकारले समय समयमा नेपाल गजेटमा सूचना प्रकाशित गरी सोही सूचनामा तोकिएको किसिमको कुनै माल वा वस्तुमा नेपाल कानूनले लाग्ने भन्सार महसूल पूर्ण वा केही अंशमा नलिनु भनी छुट दिन सक्नेछ ।

(२) श्री ५ को सरकारले समय समयमा नेपाल गजेटमा सूचना प्रकाशित गरी निकासी वा पैठारी हुने माल वा वस्तुको पूर्ण वा केही अंशमा भन्सार सुविधा दिन सक्ने छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) श्री ५ को सरकारले समय समयमा नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकिदिएको अधिकारी वा व्यक्तिलाई भन्सार सुविधा वा भन्सार महसूल सुविधा दिन सक्ने छ ।

(४) नेपाल अधिराज्यको कुनै भागबाट विदेशको बाटो गरी पुनः नेपाल अधिराज्यभित्र ल्याउने माल वा वस्तुको सम्बन्धमा श्री ५ को सरकारले तोकिए बमोजिम बन्दोबस्त गर्न सक्ने छ ।

१०. स्वदेशमा बनेको माल वस्तु पुनः पैठारी गरेमा महसूल लाग्ने:– नेपाल अधिराज्यभित्र उत्पादन भएको वा तयार भएको माल वस्तुहरू विदेश लगी पुनः पैठारी गरी ल्याएमा नेपाल अधिराज्यभित्र उत्पादन वा तयार नभएको उस्तै जात वा मोल पर्ने माल वस्तु प्रथम पटक पैठारी गरे सरह भन्सार महसूल लाग्ने छ ।

११. असूल भैसकेको भन्सार महसूल पूर्ण वा केही अंशमा फिर्ता दिन हुने:– कुनै व्यक्तिले भन्सार महसूल बुझाई विदेशी मुलुकबाट नेपाल अधिराज्यभित्र पैठारी गरी ल्याएको माल वस्तु पैठारी गरेको तीन महीनाभित्र उसै रूपमा फेरि विदेशी मुलुकमा निकासी गरेमा श्री ५ को सरकारले आफूलाई उचित लागे बमोजिम असूल भएको सबै वा केही भन्सार महसूल निजलाई फिर्ता दिन सक्ने छ ।

तर–– निजले अघि पैठारी गर्दा भन्सार अड्डाको स्याहा खेस्तामा लेखिए बमोजिमको माल वस्तु नै निकासी गरेको हो भन्ने प्रमाण पुऱ्याउनुपर्नेछ ।

(२) नेपाल अधिराज्यभित्र उत्पादन बढाउने काममा प्रोत्साहन दिने हेतुले नेपाल अधिराज्यभित्र उत्पादन भएको वा तयार भएको माल वस्तु विदेशी मुलुकमा निकासी गर्दा भन्सार महसूलमा सबै वा आंशिक छुट दिने गरी श्री ५ को सरकारले नियम बनाउन सक्ने छ ।

(३) भन्सार महसूल तिरी नेपाल अधिराज्यभित्र पैठारी भै आएको कुनै माल वस्तुको असूल भैसकेको भन्सार महसूल सार्वजनिक हितको लागि वा कुनै उद्योगलाई प्रोत्साहन दिनको लागि श्री ५ को सरकारले उचित सम्झे बमोजिम सबै वा केही भन्सार महसूल तोकिए बमोजिम फिर्ता दिन सक्ने छ ।

१२. भन्सार महसूल फिर्ता नहुने:– दफा ११ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा भन्सार महसूल फिर्ता हुने छैन:––

(क) निकासी गर्न हुने फिरिस्तमा समावेश नगरिएको वा निकासी गर्न नहुने फिरिस्तमा समावेश गरिएको माल वस्तुहरू भए, वा

(ख) निकासी हुने माल वस्तुहरूको निकासी समयको मूल्य फिर्ताको लागि दावी गरिएको अंकभन्दा घटी भए, वा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) फिर्ताको लागि दावी गरिएको अंक पचास रुपैयाँ वा सोभन्दा घटी छ र भन्सारको हाकिमले सो अस्वीकार गर्नुपर्ने ठाने, वा

(घ) श्री ५ को सरकारबाट तोकिदिएको माल वस्तुहरू भए, वा

(ङ) फिर्ताको लागि ३५ पैंतीस दिन नाघी निवेदन गरेको भए ।

१३. बिल कागजात आदि पेश गराउने अधिकारः– (१) निकासी वा पैठारी गर्दा माल वा वस्तु धनीले दाखिल गरेको प्रज्ञापनपत्रको विवरण झुट्टा वा अधुरो छ भन्ने लागेमा भन्सार अफिसरले सो प्रज्ञापनपत्रमा लेखिएको बिल बिजक इन्स्योरेन्स पलिसी रेल्वे रसीद इत्यादि चाहिने कागजात आफू छेउ पेश गर्ने आदेश दिन सक्छ र माल वा वस्तु धनीले सो आदेशको पालन गर्नुपर्नेछ ।

तर–– माल वा वस्तु धनीले भन्सार अफिसरको रोहवरमा माल वा वस्तुको मोल वा माल वस्तु रहेको बाकस वा पार्शलको सम्बन्धमा मनासिब माफिकको कारण देखाई अज्ञानता प्रकट गरेमा प्रज्ञापनपत्र गर्नुभन्दा अगावै देहाय बमोजिम गर्न पाउने छ ।

(क) त्यस्तो माल वस्तु भन्सार अड्डाका कर्मचारीको रोहवरमा खोल्ने, वा

(ख) कागजात पेश गर्न नसकेसम्म वा नखोलेसम्म त्यस्तो माल वस्तु आदि भन्सार गोदाम वा त्यसको अभावमा सुरक्षित ठाउंमा थन्क्याउने ।

(२) माल वा वस्तु धनीले आफ्नो माल वस्तुको बिल बिजक आदि दाखिल गर्न नसकेमा सो माल वस्तुको स्थानीय बजारमा चलेको मोलमा पाँच प्रतिशत थपी मोल कायम गरी भन्सार महसूल असूल गरिने छ ।

१४. मनासिब माफिकको शंका लागेमा तलासी गर्नेः– (१) भन्सार महसूल लाग्ने वा मनाही माल वस्तु भन्सार छली ल्याएको छ भन्ने वा निकासी गरी लिई जान लागेको छ भने मनासिब माफिकको शंका लागेमा जुनसुकै भन्सार कर्मचारीले जुनसुकै व्यक्ति वा यातायातका गैह्र साधनहरूलाई रोक्का गर्न र महसूल तिरेको निस्सा मांग गर्न सक्ने छ । भन्सार महसूल तिर्नुपर्ने माल वा वस्तु बरामद भएको तर सो महसूल तिरेको निस्सा माल धनीले पेश गर्न नसकेमा भन्सार छलेको मानिने छ ।

तर–– त्यस्तो रोक्का अर्दलीजस्तो कर्मचारीले गरेको भए रोक्का गरेको एक घण्टाभित्र आफूभन्दा माथिको कर्मचारी छेउ पठाउनु पर्छ ।

(२) उपदफा (१) बमोजिम रोक्का गरेपछि अर्दलीभन्दा माथिल्लो पदका कर्मचारीले तलासी लिन सक्ने छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५. खान तलासी लिइने व्यक्तिले खान तलासी हुनुभन्दा अगाडि आफूलाई भन्सार अड्डाका हाकिम छेउ पेश गराउन मांग गर्न सक्ने छः— दफा १४ अन्तर्गत भन्सार अड्डाका हाकिम बाहेक अरू कुनै कर्मचारीले कुनै व्यक्तिको तलासी लिन चाहेकोमा सो व्यक्तिले तलासी हुनुभन्दा अगाडि आफूलाई भन्सार अड्डाको हाकिम छेउ पेश गराउन मांग गर्न सक्ने छ। त्यस्तो मांग गरेकोमा भन्सार अड्डाका कर्मचारीले सो व्यक्तिलाई बाटोको म्याद बाहेक २४ चौबीस घण्टाभित्र भन्सार अड्डाका हाकिम समक्ष पेश गर्नुपर्नेछ। हाकिमले पेश हुन आएका व्यक्तिको तलासी लिनुपर्ने मनासिब माफिकको आधार देखेमा दफा १४ को प्रतिबन्धात्मक वाक्यांशको अधीनमा रही तलासी लिन लगाउने छ र त्यस्तो आधार नदेखेमा तुरुन्तै छोडी दिनेछ।

१६. मनासिब कारणले शंका लागेका व्यक्तिलाई पक्राउ गर्नेः— (१) कुनै व्यक्तिले यो ऐनको वखिलाप गर्न लागेको वा गरेको छ भन्ने मनासिब माफिकको शंका भएमा भन्सार अड्डाका हाकिम वा निजबाट अधिकार पाएका भन्सार अड्डाका अरू कर्मचारीले वा यस कामको निमित्त मनोनीत भएको कर्मचारीले निजलाई जुनसुकै सवारी वा ठाउँमा पक्रन सक्ने छ।

(२) कुनै मालको सम्बन्धमा सो मालका धनीले सो माल नियमानुसार पैठारी गरी ल्याएको र महसूल तिर्नुपर्ने तिरेको वा उत्पादन गरेको र अन्तःशुल्क तिर्नुपर्ने तिरेको वा तयार गरेको कुरा भन्सारको मुख्य अधिकारीलाई चित्त बुझ्ने गरी प्रमाण दाखिल गर्ने उत्तरदायित्व सो माल साथमा राख्ने व्यक्तिको हुनेछ।

१७. हिरासतमा राख्ने वा जमानीमा छाड्नेः— (१) दफा १४ बमोजिम भन्सार अड्डाका हाकिम बाहेक अरू कर्मचारीले कुनै व्यक्तिको तलासी गर्दा सो व्यक्तिले कसूर गरेको देखिन आएमा कारवाही निमित्त बाटोको म्याद बाहेक २४ घण्टाभित्र भन्सार अड्डाको हाकिम समक्ष पेश गर्नुपर्छ।

(२) उपदफा (१) बमोजिम पेश हुन आएमा वा आफैले तलासी गर्दा कसूर देखिन आएमा भन्सार अड्डाका हाकिमले त्यस्तो व्यक्तिलाई तुरुन्त कानूनी कारवाही चलाउनु पर्छ। कारवाही नचलाई २४ घण्टाभन्दा बढी अवधिसम्म त्यसै राख्न हुँदैन।

(३) उपदफा (१) वा (२) बमोजिम कसूरदार देखिएका व्यक्तिलाई भन्सार अड्डाका हाकिमले हिरासतमा राख्न वा आफूले तोकिदिएका समय र ठाउँमा हाजिर हुने गरी जमानतमा छाड्न पनि सक्छ।

तर— निजलाई हुने सजायभन्दा बढी समयसम्म हिरासतमा राख्न हुँदैन र शारीरिक दण्ड नहुने कसूरको व्यक्ति रहेछ भने नेपाल अधिराज्यको बैंक ग्या-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रेन्टी वा पर्याप्त ज्यथा जमानी वा रुपैयाँ जमानी ल्याएमा जमानी लिई तुरुन्त छाडि दिनुपर्नेछ ।

१८. फरार व्यक्तिलाई पछि पक्रन हुनेः– यो ऐन बखिलाप काम गरे बापत कुनै व्यक्तिलाई कसूर गरेको समयमा पक्रन नसकेकोमा वा पक्रिसकेपछि फरार भएकोमा भन्सार अड्डाका हाकिमले वा निजले अधिकार दिएको कर्मचारीले वा सरकारबाट अधिकृत कर्मचारीले त्यस्तो व्यक्तिलाई जुनसुकै बखत पक्रन सक्छ। त्यसरी पक्रिएका व्यक्ति उपर कसूर गरेको बखत पक्रिए सरह कारवाही गरिने छ।

१९. जफत हुने माल वस्तु कब्जा गर्नेः– यो ऐन बमोजिम जफत हुने माल वस्तु देखेमा वा पत्ता लागेमा भन्सार अड्डाको हाकिमले वा निजबाट अधिकार प्राप्त भन्सार अड्डाका कर्मचारीले वा सरकारबाट अधिकृत कर्मचारीले जुनसुकै ठाउँमा र जहिलेसु पनि त्यस्तो माल वस्तु कब्जा गर्न सक्छ।

२०. पक्राउ भएको माल वस्तु बुझाउनुपर्नेः– (१) यो ऐन बमोजिम जफत हुने देखी कर्मचारीद्वारा कब्जा भएको माल वस्तु यथाशीघ्र भन्सार अड्डाका हाकिम छेउ बुझाउनु पर्छ ।

(२) कर्मचारीले कब्जा गरी दाखिल गरेको माल वस्तु विना कारण कब्जा गरेको वा कब्जा गर्नु नपर्ने भन्ने देखेमा भन्सार अड्डाका हाकिमले तुरुन्त माल वा वस्तुको धनीलाई सो माल वा वस्तु फिर्ता दिनुपर्छ।

(३) कब्जा गर्नुपर्ने भै कब्जा भएको माल वस्तु सड्ने वा गल्ने वा पुरानो भै मूल्य घट्न जाने वा गोदाम वा स्थानको अभावले राख्न बाधा पर्न लागेमा वा जीव जन्तु रहेछ भने भन्सार अड्डाका हाकिमले तुरुन्त लिलाम बढाबढ गराई पछि ठहरे बमोजिम गर्ने गरी धरौटी स्याहामा आम्दानी बांध्न सक्ने छ र यस्तो लिलाम बढाबढ भएको मालहरू यसै दफामा उल्लेख भए बमोजिम पछि माल धनीलाई फिर्ता दिने ठहरेमा सो माल धनीले सो मालको लिलाम भै आएको रुपैयाँ मात्र फिर्ता पाउने छ र माल नै पाउँ भन्ने निजको हक दैया लाग्ने छैन।

२१. कब्जा गरेको र हिरासतमा राखेको लिखत दिनुपर्नेः– (१) यो ऐन बमोजिम कुनै माल वस्तु कब्जा गरेमा त्यसरी कब्जा गर्नुपरेको कारण र कब्जा भएको माल वस्तुको विवरणसमेत खोलिएको फिहरिस्तको लिखत माल वस्तु कब्जा भएको ३ दिनभित्र भन्सार अड्डाका हाकिमले माल धनीलाई दिनुपर्छ।

(२) यो ऐन बमोजिम सजाय हुने कुनै कसूरमा पक्राउ भएको कुनै व्यक्तिलाई भन्सार अड्डाका हाकिमले हिरासतमा राखेमा यस कसूरमा हिरासतमा राखियो भनी थुनुवा पुर्जी दिएर मात्र राख्नुपर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२. जफत भएका माल वस्तु श्री ५ को सरकारको अधीनस्थ हुने:– (१) यो ऐन बमोजिम जफत भएको माल वा वस्तु श्री ५ को सरकारको हुनेछ।

(२) त्यसरी जफत भएको माल वा वस्तु लगतमा चढाई सुरक्षित राखी तोकिए बमोजिम लिलाम बिक्री गर्नुपर्नेछ, वा सरकारले चाहेमा त्यस्तो माल आफ्नो प्रयोगका निमित्त लिन सक्ने छ।

(३) जफती सुन, चाँदी, जवाहरात र इजाजत लिई मात्र बिक्री गर्न पाइन माल वा वस्तु वा अमूल्य खनिज पदार्थहरूका सम्बन्धमा नियमद्वारा छुट्टै व्यवस्था हुन सक्ने छ।

२३. भारी, पोको खोल्ने र जाँच्ने अधिकार:– भन्सार अड्डाका कर्मचारीले निकासी पैठारी हुने जुनसुकै माल वस्तु खोल्न र जाँच्न सक्छ।

२४. यो ऐन बमोजिम लाग्ने खर्च माल धनीले तिर्नुपर्ने:– माल वस्तुहरू बोक्ने ठाउँमा पुऱ्याउने जाँच्न र खोल्नको लागि उचित ठाउँमा पुऱ्याउने, यन्त्रमा राख्ने र झिक्ने, खोल्ने, छुट्याउने र चिह्न लगाउने आदि काम माल वा वस्तु धनीले आफ्नो खर्च लगाई गराउने छ।

२५. भन्सार अड्डामा रोक्का रहेको माल वस्तुको हर्जानाको दावा:– भन्सार अड्डामा रोक्का रहेको माल वस्तु दैवी कारणले बाहेक नासे, चोरे, हराए वा हिनामिना भएमा र सो माल वस्तु माल धनीले पाउने भएमा निजले सो माल वस्तुको हर्जानाको दावा गर्न सक्ने छ।

२६. दस्तूर तिरेमा सूचीपत्र, बिल वा लिखतको प्रतिलिपि दिनहुने:– कुनै प्रमाणपत्र बिल वा भन्सार अड्डाका अरू लिखतको सम्बन्धमा कुनै व्यक्तिले भन्सार अड्डाको हाकिम छेउ दरखास्त दिएमा तोकिए बमोजिम दस्तूर लिई प्रतिलिपि दिन सक्ने छ।

२७. भन्सार एजेण्ट:– (१) यो ऐनको दफा ४ बमोजिम अधिकार नपाएका व्यक्तिले भन्सार अड्डामा कसैको प्रतिनिधि भै कुनै काम गर्न पाउने छैन।

(२) भन्सार महसूल सम्बन्धी नियम र अफिसबारेको विस्तृत कुरा पालन गर्ने र इमान्दारी पूर्ण व्यवहारकोनिमित्त भन्सार अड्डाको हाकिमले भन्सारको एजेण्ट हुने व्यक्ति संग सो कुराको मञ्जूरनामा लेखाई लिन सक्छ।

(३) एजेण्ट हुने व्यक्तिको बदनियत देखिएमा भन्सार अड्डाको हाकिमले आफूले दिएको स्वीकृतिलाई फिर्ता लिने वा स्थगित राख्न सक्छ।

तर–– त्यस्तो फिर्ता दिने वा स्थगित राख्ने आदेश उपर भन्सारको मुख्य अधिकारी छेउ अपील लाग्न सक्ने छ र यस विषयमा निजको निर्णय अन्तिम हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) यस दफा बमोजिम अपील दिंदा फिर्ता दिने वा स्थगित राख्ने आदेश भएको मितिले ३५ दिनभित्र दिनुपर्नेछ।

२८. दरकार परेमा एजेण्टले अधिकारपत्र देखाउनुपर्नेः– (१) साधारणतः कुनै व्यक्ति वा फर्मको एजेण्ट वा कर्मचारीले सो व्यक्ति वा फर्मकोतर्फबाट भन्सार अड्डामा कार्य सम्पादन गर्न सक्छ।

तर–– सो व्यक्ति वा फर्मले आफ्नो एजेण्ट वा कर्मचारीलाई कार्य सम्पादन गर्न परिचय नदिएमा र आफ्नो सहिछापसहित अधिकारपत्र पेश नगरेमा भन्सार अड्डाको हाकिमले सो एजेण्ट वा कर्मचारीलाई अनुमति दिन इन्कार गर्न सक्छ।

(२) कुनै व्यक्तिले अन्य कुनै अरू व्यक्तिको तर्फबाट काम गर्न अनुमतिको लागि दरखास्त दिंदा भन्सार अड्डाको हाकिमले जुन व्यक्तिको तर्फबाट काम गर्न लागेको हो त्यसको अधिकारपत्र आफू छेउ पेश गर्न लगाउने छ र अधिकारपत्र पेश नभएमा त्यसलाई अनुमति दिन इन्कार गर्न सक्छ।

२९. भन्सार महसूल धरौटी लिनेः– (१) कुनै वस्तुको सम्बन्धमा भन्सार महसूल निर्धारण गर्दा वा जरिवाना तोक्दा चित्त नबुझेमा माल वा वस्तु धनीले भन्सार अड्डाको हाकिम-बाट तोकिदिएको भन्सार महसूल वा जरिवाना भन्सार अड्डामा धरौटी राखी मात्र अपील गर्न पाउँछ।

(२) अपीलमा लेखिए बमोजिम सबै वा केही महसूल वा जरिवाना नलाग्ने भनी अपील सुन्ने अधिकारीबाट निर्णय भएमा भन्सार अड्डाको हाकिमले सो निर्णय बमोजिमको अंक माल वा वस्तु धनीलाई फिर्ता दिलाउने छ।

(३) कसैले भन्सार महसूल तिरेको वा उपदफा (१) बमोजिम डिपोजिट राखेको कलममा भन्सारका कर्मचारीहरूले रसीद दिंदा महसूल दरबन्दीको संकेत नम्बरसमेत सो रसीदमा प्रष्ट उल्लेख गरी दिनु पर्छ।

३०. जरिवाना लागेको माल वस्तुको जरिवानाको अंक नतिरेसम्म हटाउन नपाउनेः– यो ऐन बमोजिम कुनै माल वा वस्तुको सम्बन्धमा जरिवाना वा बढी महसूल लाग्ने भएमा माल वा वस्तु धनीले सो जरिवाना वा बढी महसूलको अंक नतिरेसम्म सो माल वस्तु छुटाउन पाउने छैन।

३१. जरिवाना तिर्न कर लाग्नेः– यो ऐन बमोजिम कुनै व्यक्ति उपर जरिवाना वा बढी महसूल लिने निर्णय भएकोमा निजले सो नतिरेमा भन्सार अड्डाको हाकिमले अरू कुनै भन्सार अड्डाको हाकिमको अधीनस्थ रहेको सो व्यक्तिको माल वा वस्तु बेच्न लगाई बढी महसूल वा जरिवानाको अंक असूल गर्न सक्ने छ र त्यसरी पनि असूल हुन नसकेकोमा भन्सार अड्डाको हाकिमले अदालती दण्ड बिगो असूल गर्ने कानून प्रयोग गरी अदालती दण्ड बिगो सरह कारवाही चलाई असूल उपर गरी लिन सक्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३२. अभियुक्तको नाउँमा म्याद जारी गर्ने र तारेस लिने:– यस ऐनबाट अधिकृत कर्मचारीले मुद्दाको सिलसिलामा सम्बन्धित अभियुक्तहरूका नाउँमा शुरु म्याद जारी गर्दा अर्जी नलाग्ने गरी बाटाको म्याद बाहेक १५ दिनको मात्र म्याद जारी गर्ने र बिगो दण्डको लाग्ने अंक डिपोजिट राखेर मात्र तारिस लिने गर्नुपर्छ।

३३. बहाल बिटौरी असूल उपर गर्ने:– नगर पञ्चायत इलाकाभित्र लागिआएको बहाल बिटौरी नगर पञ्चायतले र सो नभएको ठाउँको बहाल बिटौरीको अर्को व्यवस्था नभएसम्म भन्सार अड्डाले साबिक बमोजिम असूल उपर गरी लिनसक्ने छ।

३४. दण्ड सजाय:– (१) कुनै व्यक्तिले––

(क) कुनै माल वस्तु कुनै खास बाटोबाट मात्र निकासी वा पैठारी गर्न पाउने गरी दफा ३ अन्तर्गत तोकिदिएकोमा सो बाटो बाहेक अन्यत्रबाट निकासी वा पैठारी गरेमा वा गर्ने प्रयत्न गरेमा, वा

(ख) माथि खण्ड (क) मा लेखिएको कुरामा मद्दत गरेमा वा जुन माल वस्तुका सम्बन्धमा त्यस्तो कुरा भएको छ सो माल वस्तु जानी-जानी आफ्नू साथमा राखेमा वा लुकाएमा वा कसैलाई सो राख्न वा लुकाउन अनुमति दिएमा यस्तो गर्ने गराउनेलाई भन्सार महसूल नलाग्ने माल वस्तु भए ने. रू. ५०। र भन्सार महसूल लाग्ने माल वस्तु भए ने.रू. १०००। सम्मजरिवाना भन्सार अड्डाको हाकिमले वा श्री ५ को सरकारले तोकिदिएका अधिकारीले गर्न सक्ने छ र जुन माल वस्तुको सम्बन्धमा त्यस्तो कसूर. गरिएको हो सो माल वा वस्तु भन्सार महसूल लाग्ने रहेछ भने सो पनि जफत हुनेछ। तर खण्ड (क) बमोजिम तोकिएको बाटो बाहेक अन्यत्रबाट निकासी वा पैठारी गर्न लागेकोमा अधिकार प्राप्त सरकारी कर्मचारीले रोक्न खोज्दा हूलहुज्जत वा जोर जुलुम गरेमा त्यस्ता कर्मचारीले हूलहुज्जत वा जोर जुलुम गर्ने व्यक्तिहरूलाई सम्झाउने बुझाउने छन् र सम्झाउँदा बुझाउँदा पनि नमानेमा आफ्नो रक्षा र कर्तव्य पालनको निमित्त माथि लेखिएका सरकारी अधिकारीले त्यस्ता व्यक्ति अथवा व्यक्तिहरूको घुंडा मुनि गोलीसमेत हान्न सक्ने छ।

(२) माल वस्तु भन्सार अड्डामा आइपुगेपछि वा आइपुग्नुभन्दा अगावै माल वा वस्तु धनीले भन्सार महसूल नतिर्ने मनसायले सो माल वस्तु हटाएमा वा हटाउन प्रयत्न गरेमा भन्सार अड्डाको हाकिम वा श्री ५ को सरकारले तोकिदिएका अधिकारीले सो माल वा वस्तु जफत गरी सोही माल वा वस्तुको बिगो बमोजिम जरिवाना गर्न सक्ने छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) प्रज्ञापनपत्र भर्दा माल वा वस्तु धनीले माल वस्तुको विवरण वा मोल फरक पारी लेखी दिएमा जे जति फरक पारी लेखी दिएको ठहर्छ त्यत्ति माल वस्तुमा लाग्ने भन्सार महसूलको दोब्बर महसूलसमेत लाग्ने छ र त्यस्तो व्यक्तिलाई ने.रू. ५००। पाँच सयसम्म जरिवाना वा एक १ वर्षसम्म कैद वा दुवै भन्सार अड्डाका हाकिम वा श्री ५ को सरकारले तोकिदिएका अधिकारीले गर्न सक्ने छ।

(४) कुनै माल वस्तुको सम्बन्धमा बिल, बिजक, ड्राफ्ट आदि सच्याई वा नक्कली बिल, बिजक, ड्राफ्ट बनाई पेश गरेमा त्यस्तो माल वा वस्तु जफत हुनेछ। र त्यसो गर्ने व्यक्तिलाई सोही माल वा वस्तुको बिगो बमोजिम जरिवाना भन्सार अड्डाका हाकिमले गर्न सक्ने छ।

(५) माल वा वस्तु धनीले वा निजको कुनै व्यक्ति वा एजेण्टले चोरी गर्ने वा नोक्सान गर्ने नियतले कुनै भन्सार गोदाम खोलेमा वा सो भन्सार गोदाममा रहेको आफ्नो माल वस्तु हात हाली खोलेमा वा खोल्ने प्रयास गरेमा सो माल वा वस्तु धनी वा व्यक्ति वा एजेण्टलाई ने.रू. ५००। पाँच सयसम्म जरिवाना भन्सार अड्डाका हाकिमले गर्न सक्ने छ।

(६) कुनै व्यक्तिले चोरी गर्ने नियतले भन्सार गोदाममा रहेको माल वस्तु हटाए वा हटाउने प्रयास गरेमा निजलाई बिगो बमोजिम जरिवाना र ६ महीनासम्म कैद भन्सार अड्डाका हाकिमले गर्न सक्ने छ।

(७) चिम्पौ गरी ल्याएका माल वस्तु भन्सार अड्डामा दाखिल नगरेमा वा त्यस्ता माल वस्तु साट्ने प्रयास गरेमा वा साटेमा भन्सार अड्डाका हाकिमले माल वा वस्तु धनीलाई सो माल वा वस्तुको मोल बिगोको दोब्बर जरिवाना गर्न सक्ने छ र माल वस्तु जिम्मा लिई आउने व्यक्तिलाई ६ महीनासम्म कैद गर्नेछ र माल लादी ल्याउने लैजाने सवारीका चालकको सो काममा सांठ-गांठ भएको ठहरेमा सवारीहरू समेत ( रेल, हवाइजहाज बाहेक ) जफत हुनेछ। तर सवारीको धनी चालक रहेनछ भने त्यस्ता चालकलाई ३ महीनासम्म कैद गर्ने छ र सवारी जफत गर्ने छैन।

(८) (क) कुनै व्यक्तिले भन्सार महसूल नतिरी चोरी निकासी गर्न लागेको वा चोरी पैठारी गरेको ठहरेमा निजले निकासी गर्न लागेको वा पैठारी गरेको माल वा वस्तु जफत गरी सोही माल वा वस्तुको बिगो बमोजिम जरिवाना भन्सारको हाकिमले गर्नेछ र माल वा वस्तु लादिएको सवारीको चालकले सो काममा सहयोग दिएको ठहरेमा सवारी (रेल हवाइजहाज बाहेक) समेत जफत गरी चालकलाई एक वर्षसम्म कैदसमेत गर्नेछ।

(ख) कुनै व्यक्तिले भन्सार महसूल नतिरी निकासी वा चोरी पैठारी गर्न दुरुत्साहन गरेमा वा सो गर्न सहयोग गरेमा निजलाई ने.रू. ५००। पाँच सयसम्म जरिवाना भंसार अड्डाका हाकिमले गर्न सक्ने छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(९) कुनै व्यक्तिले भन्सारको कार्य सम्पादनमा प्रयोग गरिएको प्रज्ञापनपत्र वा लिखतको खास कुरा झुट्ठो भनी जानी-जानी लेखेमा, सहिछाप गरेमा वा प्रयोग गरेमा वा भन्सारको कार्य सम्पादनमा भन्सार अड्डाको हाकिमले सही गरेको वा छाप लगाएको लिखत लाहा वा सील छाप इनिसियल वा अरू कुनै चिह्नलाई कीर्ते गरेमा झुट्ठो बनाएमा झुट्ठो तरीकाले बदलेमा वा नाश गरेमा निजलाई ने. रू. ५००। पाँच सयसम्म जरिवाना वा १ वर्ष कैद वा दुवै हुनेछ।

(१०) प्रज्ञापनपत्र भर्दा माल वा वस्तु धनीले आफूसंग रहेको कुनै मनाही माल वा वस्तु तोकिए बमोजिम प्रज्ञापनपत्रमा स्पष्ट रूपले नलेखेमा र पछि जाँच बुझ गर्दा फेला परेमा सो माल वा वस्तु जफत हुनेछ र ने.रू. ५००। पाँचसयसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय भन्सार अड्डाका हाकिमले गर्न सक्ने छ।

तर–– माल वा वस्तु धनीले उक्त मनाही माल वा वस्तु प्रज्ञापनपत्रमा लेखी दिएमा तोकिए बमोजिम हुनेछ।

(११) भन्सार गोदाममा रहेका माल वस्तु लापरवाहीले हराएमा वा जानी-जानी नोक्सान पारेमा सो गर्ने कर्मचारीले सो माल वा वस्तुको मोल र लाग्ने महसूल तिर्नुपर्नेछ र त्यस्तालाई ने.रू. ५००। पाँच सयसम्म जरिवाना पनि हुनेछ।

(१२) अख्तियार नभएका कर्मचारीले भन्सार गोदाममा रहेको माल वस्तु हटाएमा वा हटाउने आदेश दिएमा निजलाई ने.रू. १०००। एक हजारसम्म जरिवाना वा २ वर्षसम्म कैद वा दुवै सजाय भन्सार अड्डाका हाकिमले गर्न सक्नेछ।

(१३) यो ऐनले दिएको अधिकार प्रयोगमा कुनै व्यक्तिले भन्सार अड्डाको हाकिम वा कर्मचारीलाई जानी-जानी बाधा दिएमा सो व्यक्तिलाई एक महीनासम्म कैद वा ने.रू. १००। एक सयसम्म जरिवाना वा दुवै सजाय हुनेछ। तर त्यस्तो व्यक्ति सरकारी कर्मचारी भएमा निजलाई ने.रू. ५००। पाँच सयसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ।

(१४) यो ऐनको दफा ४ बमोजिम अधिकार नभएको व्यक्तिले माल धनीको एजेण्ट वा वारेस भै काम गरेमा निजलाई ने.रू. ५००। पाँच सयसम्म जरिवाना भन्सार अड्डाका हाकिमले गर्न सक्ने छ।

(१५) कुनै व्यक्तिले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम बखिलाप काम गरेमा र सो कसूरको लागि यो ऐनमा दण्ड सजायको स्पष्ट व्यवस्था नभएमा त्यस्तो कसूरवालालाई बढीमा ने.रू. ५००। पाँच सयसम्म जरिवाना भन्सार अड्डाका हाकिमले गर्न सक्ने छ।

(१६) यस दफामा भन्सार अड्डाका हाकिमले गर्ने भनी तोकी लेखिए बाहेकको अरू तोकिएको सजाय दिने अधिकार अपील सुन्ने अधिकारीको हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३५. जफत हुने माल वा वस्तुः– यस ऐन बमोजिम जफत हुने माल वस्तुभित्र देहायको माल वस्तु सवारी आदि पर्नेछः—
(क) पार्सल प्याकेट र अरू माल वस्तु,
(ख) जफत हुने माल वस्तु ढुवाउन प्रयोग गरिएको हरेक सवारीका साधनहरू, (रेल हवाइजहाज बाहेक) मोटर, ट्रक, गाडी, रिक्सा, टांगा, जन्तु जनावर आदि,
(ग) यस ऐनले जफत हुने सवारीको साधनमा राखेको कपडा फर्निचर र अरू माल आदि ।

३६. यस ऐनको दण्ड सजायले प्रचलित कानून अन्तर्गतको दण्ड सजायलाई बाधा नदिनेः– यस ऐन बमोजिम कुनै व्यक्तिलाई दिएको जफतको आदेश, जरिवाना वा बढी महसूल लिने आदेशले सोही व्यक्तिलाई अरू प्रचलित नेपाल कानून बमोजिम दण्ड सजाय दिनमा कुनै बाधा हुने छैन ।

३७. अपीलः– यस ऐन अन्तर्गत भन्सार अड्डाका हाकिमद्वारा कुनै व्यक्तिलाई दिएको दण्ड सजायको आदेश उपर चित्त नबुझ्ने व्यक्तिले स्थानीय बडाहाकिम वा मेजिष्ट्रेटछेउ अपील गर्न सक्ने छ ।

३८. अपील सुन्ने मुद्दा श्री ५ को सरकारले कुनै अधिकारीलाई तोक्न सक्नेः– कुनै केसमा भन्सार अड्डाका हाकिम अफिसर वा अन्य कर्मचारीसमेत मिली यस ऐन वा यो ऐन अन्तर्गत बनेको नियमको बिरुद्ध कुनै काम गरेको भन्ने उजूरी परेमा र सम्बन्धित मन्त्रालयलाई यसको चित्त बुझेमा यस्तो मुद्दाको शुरू कारवाइ अर्को भन्सार अड्डाका हाकिम वा श्री ५ को सरकारले तोकिदिएको अधिकारीद्वारा गराउँनेछ ।

३९. कारवाहीको सूचना र हद म्यादः– यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम अनुसार भन्ने सम्झी गरेका र कुनै कामको सम्बन्धमा भन्सार अड्डाका हाकिम वा अरू कर्मचारी उपर देहायमा लेखिए बमोजिम नभई मुद्दा चल्न सक्दैन ।
(क) मुद्दा चलाउने कारण र वादी हुनेको र निजको वारेस भए त्यसको नाम र ठेगाना खोली लिखित सूचना त्यस्तो हाकिम वा कर्मचारीलाई बुझाएको वा हुलाकद्वारा रजिष्टरी गरी पठाएको र त्यसको १ प्रति नक्कल भन्सारको मुख्य अधिकारीमा पेश गरेको २ महीना ननाघी, र
(ख) मुद्दा चलाउने कारण भएको ६ महीनाभित्र मुद्दा दायर नभै ।

४०. अधिकार सुम्पनेः– श्री ५ को सरकारले यो ऐन बमोजिम आफूले पाएको सबै वा केही अधिकार नेपाल गजेटमा सूचना प्रकाशित गरी भन्सारको मुख्य अधिकारी वा सो सूचनामा तोकिएको अरू कुनै अधिकारीलाई सुम्पन सक्ने छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४१. सहयोग र मद्दत दिने कर्तव्यः– यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम भन्सार अधिकारी वा भन्सार अड्डाका हाकिम वा अफिसर वा अरू कर्मचारीको कर्तव्य पालन र अधिकारको प्रयोगमा निजले मागेको बखत आफूले दिन सक्ने सहयोग वा मद्दत दिनु प्रत्येक पुलिस तथा अन्य सरकारी कर्मचारीको कर्तव्य हुनेछ ।

४२. कर्मचारीलाई सजायः– (१) निजामती सेवा ऐन तथा नियमावली बमोजिम विभागीय कारवाही चलेको भन्सार सम्बन्धी काम गर्ने कुनै निजामती कर्मचारीलाई निजामती सेवा नियमावलीमा तोकिएको सजाय मात्र अपर्याप्त भयो भन्ने श्री ५ को सरकारले सम्झेमा सो सजाय माथि निजामती सेवा ऐन तथा नियमावलीमा तोकिएको अख्तियारवालाले देहायका कसूरको फलस्वरूप कसैको भएको नोक्सानी सबै वा केही निजका जायजादबाट असूल उपर गरी भराउने गरी आदेश दिनसमेत सक्ने छ ।

(क) यस ऐनको कुरा जानी-जानी उल्लङ्घन गरेको ठहरिएमा, वा

(ख) श्री ५ को सरकारको आय नोक्सान हुने कुनै काम जानी-जानी गरेमा वा नोक्सान पारेमा वा नोक्सान भएको वा गर्न लागेको जानी-जानी चूप लागि बसेमा, वा

(ग) कुनै माल वा वस्तुको सम्बधमा असल नियतले यस ऐन बमोजिम आफ्नो ओहदाको कर्तव्य पालन गरेकोमा बाहेक ओहदाको हैसियतले आफले जाने बुझेको कुनै विवरण आफ्नू वा अन्य कसैका फाइदाको लागि वा कसैको नोक्सान पार्ने नियतले प्रकाश गरेमा वा आफूलाई सुम्पेको गोप्य राख्नुपर्ने काम कुरा कसैलाई देखाएमा वा कसैलाई दिएमा ।

(२) यो ऐन बमोजिम अख्तियारवालाले दिएको आदेश उपर निजामती सेवा ऐन तथा नियमावली अनुसार अधिकारवालाको समक्ष अपील लाग्न सक्ने छ । र सोही ऐन तथा नियमावली बमोजिम अपीलको किनारा हुनेछ ।

(३) यस दफा बमोजिम भएको जरिवाना असूल गर्दा अख्तियारवालाले अदालती दण्ड जरिवाना असूल गर्ने सम्बन्धी नेपाल कानूनको प्रयोग गरी सोही बमोजिम असूल उपर गर्न सक्ने छ ।

(४) यस दफामा लेखिएको कुनै कुराले पनि कसूर गर्ने कर्मचारी उपर अदालती कारवाही चलाउन सकिने प्रचलित नेपाल कानूनको व्यवस्थामा कुनै वाधा पारेको मानिने छैन ।

तर–– अदालती कारवाही चलिसकेपछि यस दफा बमोजिम कारवाही चलाइने छैन ।

३५०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४३. नियम बनाउने अधिकारः– यो ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले नियमहरू बनाउन सक्ने छ ।

४४. बाधा अड्काउ हटाउने अधिकारः– यो ऐन कार्यान्वित गर्न कुनै बाधा अड्काउ परेमा सो बाधा अड्काउ हटाउनाको लागि श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी चाहिंदो आदेश निकाल्न सक्ने छ । त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिने छ ।

४५. खारेजी तथा संशोधनः– यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमसंग बाझिने जति प्रचलित नेपाल कानून यो ऐनको प्रयोजनको लागि खारेज भएको मानिने छ ।

४६. बचाउः– नेपाल अधिराज्यको संविधानको धारा ५५ को उपधारा (४) बमोजिम यो ऐन निष्क्रिय भएमा यो ऐनलाई कुनै अर्को नेपाल ऐनले खारेज गरे सरह मानी यो ऐन अन्तर्गत भए गरेका काम कुराहरूमा नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा ४ लागू हुनेछ ।

लालमोहर सदर मितिः– ०१९।८।६।४.

आज्ञाले–
विनोदप्रसाद धिताल
श्री ५ को सरकारको सह-सचिव,
कानून तथा न्याय मन्त्रालय ।

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।